नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९८ २०८२ साल कात्तिक २७ गते बिहीबार (13 Nov 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुंदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन तयारी : थपिंदै... ३ पृष्ठमा : यस वर्षको मनसुन : औसतभन्दा ... ३ पृष्ठमा :दिल्ली विस्फोटपछि ...

# मुख्यमन्त्रीको नियुक्ति बारे सर्वोच्चले दुवै पक्षलाई छलफलका लागि झिकायो






**दैनिक समाचारदाता**
**राजविराज, २६ कात्तिक ।**

मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको नियुक्तिको वैधताबारे सर्वोच्च अदालतले आगामी आइतबार नै आफ्नो प्रारम्भिक दृष्टिकोण दिने भएको छ ।

न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले मुख्यमन्त्री यादवविरुद्ध अन्तरिम आदेश जारी गर्ने कि नगर्ने भन्नेबारे कात्तिक ३० मा दुवै पक्षलाई छलफलका लागि झिकाएको हो ।

कृष्णप्रसाद यादवसहित मधेश प्रदेशका ७४ जना सांसदहरूले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि न्यायाधीश पाण्डेयको इजलासले आगामी आइतबार दुवै पक्षलाई छलफलका लागि झिकाएको हो ।

मंगलबार न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले 'सुविधा सन्तुलनको दृष्टि' भन्दै मुख्यमन्त्री र मन्त्रिपरिषद्लाई 'मधेश प्रदेशलाई दीर्घकालीन प्रभाव पार्ने कुनै पनि नीतिगत निर्णय नगर्नू/नगराउनू' भनी आदेश दिएको थियो ।

सर्वोच्च अदालतले मुख्यमन्त्री नियुक्ति सम्बन्धी निर्णय, मन्त्रिपरिषद् गठनसम्बन्धी कागजात लगायतका निर्णयहरूसमेत आगामी आइतबारको सुनुवाइमा पेस गर्न आदेश दिएको छ ।

७४ जना सांसदहरूले मुख्यमन्त्री सरोज यादवलाई कुनै काम कारबाही नगर्न/नगराउन आदेश माग गर्दै निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनाललाई नै निरन्तरता दिन माग गरेका थिए ।

आउँदो आइतबार संयुक्त इजलासमा रहने दुई न्यायाधीशले प्रारम्भिक रूपमा नै सरकार गठन प्रक्रियामा कैफियत रहेको देखेमा 'दीर्घकालीन असर गर्ने कुनै काम नगर्नू भनी' अन्तरिम आदेश जारी गर्न सक्नेछन् । जसको प्रारम्भिक संकेत मंगलबारको आदेशमा स्पष्ट देखिन्छ ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले गतसाता संविधानको धारा १६८(३) अनुसार एमाले संसदिय दलका नेता सरोज यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् ।

निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलको राजीनामापछि नयाँ सरकार गठनको प्रयासमा लागेका सात दलका नेताहरूले उनको कार्यालय पुगेर ध्यानाकर्षण गराएका थिए । आफूले कानुनविद्हरूसँग छलफल गरेको भन्दै आफू संविधानको भावनाअनुसार अघि बढ्ने र त्यसका लागि एक/दुई दिन लाग्ने बताएकी थिइन् ।

त्यही साँझ उनी बिरामी भएकाले काठमाडौं जानुपरेको भनी मुख्यमन्त्री सोनललाई जानकारी दिइन् । सोनलले उनलाई फूल दिएर स्वास्थ्य लाभको कामनासहित बिदा गरे । अनि महोत्तरीको बर्दिबासस्थित होटेल पानसमा गएर एमाले संसदीय दलका नेता यादवलाई शपथ ग्रहण गराएकी थिइन् ।

# जेनजी आन्दोलनको क्षतिपछि तीन अर्ब ६८ करोड बढी बिमा भुक्तानी

काठमाडौं, २६ कात्तिक (रासस) ।

जेनजी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बिमा दाबीमध्ये हालसम्म निर्जीवन बिमा कम्पनीले करिब रु तीन अर्ब ६८ करोड ४१ लाख भुक्तानी गरेका छन् ।

नेपाल बिमा प्राधिकरणमा निर्जीवन बिमा कम्पनीबाट प्राप्त पछिल्लो तथ्याङ्कअनुसार सो आन्दोलनका क्रममा परेका बिमा दाबी कूल रु २३ अर्ब ४६ करोड ९१ लाख रहेको प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले जानकारी दिनुभयो ।

ती दाबीमध्ये अग्रिम भुक्तानीसहित सम्पत्ति बिमातर्फ ६९३ वटा दाबीको रु १९ अर्ब चार करोड नौ लाख रकममध्ये करिब रु दुई अर्ब ९२ करोड ८६ लाख, मोटर बिमातर्फ दुई हजार २९० वटा दाबीको करिब रु तीन अर्ब ४७ करोड सात लाखमध्ये रु ६८ करोड ६१ लाख भुक्तानी भएको कार्यकारी निर्देशक सुवेदीले बताउनुभयो ।

त्यसैगरी, इञ्जीनीयरिङ तथा ठेक्का जोखिम बिमातर्फ २०९ वटा दाबीको करिब रु ५४ करोड ७५ लाखमध्ये रु ६ करोड २३ लाख, परिवहन बिमातर्फ १२ वटा दाबीको करिब रु एक करोड ६८ लाखमध्ये रु ४७ लाख र अन्य बिमातर्फ ४२ वटा दाबीको करिब रु ३९ करोड ३०

*बाँकी अन्तिम पृष्ठमा*

# मधेश प्रदेश भवन अगाडी धर्ना जारि



**दैनिक समाचारदाता**
**जनकपुर, २६ कात्तिक ।**

मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति असंवैधानिक भएको भन्दै मधेस प्रदेश भवन अगाडी सात दलका नेता कार्यकर्ताहरूले बुधबार पनि धर्ना दिएका छन् ।

नेपाली कांग्रेसका नेता वीरेन्द्र सिंह, जसपाका सचेतक रामआसिस यादव लगायतका नेता कार्यकर्ताहरु धर्नामा बसेका हुन् । धर्नाका कारण सडक अवरुद्ध भएको थियो ।

यसअघि मंगलबार पनि मुख्यमन्त्री सरोजकुमार यादवले पदभार ग्रहण गरिरहँदा मधेस भवन बाहिर सात राजनीतिक दलका नेता कार्यकर्ता प्रदर्शनमा उत्रिएका थिए । सो क्रममा प्रहरीले लाठीचार्ज गर्दा १६ जना बढी घाइते भएका थिए ।

# प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचार खर्च प्रदेश सरकारले बेहोर्ने

**दैनिक समाचारदाता**
**जनकपुर, २६ कात्तिक ।**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचार खर्च प्रदेश सरकारले बेहोर्ने घोषण गरेका छन् ।

प्रदर्शनको क्रममा घाइते भएकाहरूको स्वास्थ्य अवस्था बुझ्न बुधबार बिहान प्रादेशिक अस्पताल जनकपुरधाममा पुगेका मुख्यमन्त्री यादवले सो घोषणा गरेका हुन् ।

घाइतेहरूको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी दिँदै मुख्यमन्त्री यादवले उपचार खर्च प्रदेश सरकारले बेहोर्ने बताए ।

मंगलबार मुख्यमन्त्री पदभार ग्रहण गरिरहँदा मधेस भवन बाहिर सात राजनीतिक दलका नेता कार्यकर्ता प्रदर्शनमा उत्रिएका थिए । सो क्रममा प्रहरीले लाठीचार्ज गर्दा १६ जनाभन्दा बढी घाइते भएका थिए ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं ।**

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### उत्पादनमा कमी चिन्ताजनक संकेत

हालका वर्षहरूमा देशको उत्पादनक्षमता घट्दै गएको तथ्यले सबैको ध्यान तानिरहेको छ। कृषिदेखि उद्योगसम्म, सेवा क्षेत्रदेखि ऊर्जा उत्पादनसम्म अधिकांश क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन। उत्पादनमा आएको यो कमीले रोजगार, आर्थिक वृद्धि र जनजीवन सबै क्षेत्रमा नकारात्मक प्रभाव पारिरहेको छ। कृषि क्षेत्रमा आधुनिकीकरणको अभाव प्रमुख कारण हो। आधुनिक प्रविधि, सिंचाइ सुविधा, मल-बीउको पहुँच र बजार सुनिश्चितता नहुँदा किसानहरू निराश भएका छन्। औद्योगिक क्षेत्रमा लगानी र नीति अस्थिरताका कारण नयाँ उद्योग स्थापना र विद्यमान उद्योग विस्तारमा अवरोध आइरहेको छ। त्यस्तै ऊर्जाको अनियमित आपूर्ति, श्रमशक्ति वैदेशिक रोजगारतर्फ आकर्षित हुनु, र सडक-पूर्वाधारको कमजोरीले पनि उत्पादन घटाइरहेको छ।

सरकारले उत्पादन वृद्धिका लागि अनेक योजना ल्याए पनि तिनको कार्यान्वयन ढिलो र प्रभावहीन बनेको छ। नीति बनाउने र कार्यान्वयन गर्ने बीचको दूरी घटाउन नसकेसम्म न त उद्योग चल्नेछ, न त खेतबारीमा उत्पादन बढ्नेछ। उत्पादनमुखी अर्थनीति, स्थायी लगानी वातावरण, र प्राविधिक जनशक्तिको प्रयोग। युवा जनशक्तिलाई स्वदेशमै रोजगारी सिर्जना गरेर उत्पादनमा जोड्नुपर्छ। त्यसै गरी, कृषि र उद्योगबीच सहकार्यको पुल बनाउन सकिएमा आयातमा निर्भरता घटाएर आत्मनिर्भर अर्थतन्त्रतर्फ अघि बढ्न सकिन्छ।

तसर्थ उत्पादनमा आएको कमी केवल आर्थिक समस्या होइन, यो राष्ट्रको दीर्घकालीन स्थायित्व र स्वाभिमानसँग जोडिएको विषय हो। उत्पादनमा वृद्धि नै राष्ट्रिय अभियान बनाउने।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचन तयारी : थपिँदै नयाँ मतदाता र राजनीतिक दल

**प्रकाश सिलवाल**

काठमाडौँ, २६ कात्तिक (रासस)।

आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणापछि नयाँ मतदाता र राजनीतिक दल थपिने क्रम जारी रहेको छ।

निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली सङ्कलनमा हालसम्म दुई लाखभन्दा बढी नयाँ मतदाता थपिएका छन् भने निर्वाचन घोषणापछि २१ नयाँ दलले दर्ताका लागि आयोगमा आवेदन दिएका छन्। केही दलले दर्ता प्रमाणपत्र पाइसकेका छन् भने केही दल विभाजन भई नयाँ दलको मान्यता पाएका छन्। केही दल एकताको प्रक्रियामा छन्।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरी आयोगद्वारा सञ्चालित मतदाता नामावली सङ्कलन तथा अद्यावधिक उत्साहजनक सहभागिता भइरहेको र मङ्गलबारसम्ममा दुई लाख नौ हजार पाँच सय २२ नयाँ मतदाता थपिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

यही कात्तिक २५ गतेसम्ममा एक लाख २२ हजार सात सय ४० पुरूष, ८६ हजार सात सय ८५ महिला र अन्य २७ गरी दुई लाख नौ हजार पाँच सय २२ जना नयाँ मतदाता थपिएका हुन्। कात्तिक २५ गते मात्रै १३ हजार ६६ पुरूष, १० हजार पाँच सय ६७ महिला र अन्य पाँच गरी २३ हजार छ सय ३८ नयाँ मतदाता भएका छन्।

आयोगका सातवटै प्रदेश र ७० वटै जिल्ला निर्वाचन कार्यालयबाट हरेक दिन बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक भइरहेको छ। आयोगले गत असोज ९ गतेदेखि सञ्चालन गरेको नामावली सङ्कलनको कार्य यही कात्तिक ३० गतेसम्म जारी राख्नेछ। प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनमा भाग लिई विवेकको मत प्रयोग गर्ने अवसरका लागि नाम दर्ता गराउन युवा युस्तालाई आह्वान गर्दै आउनुभएको छ।

नाम दर्ता गर्न सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको मतदाता नामावली दर्ता स्थलमा नेपाली नागरिकताको प्रमाणपत्रका साथ सम्बन्धित व्यक्ति उपस्थित भई जैविक विवरण (बायोम्याट्रिक) दिनुपर्छ। यसरी विवरण दिने समय लिनका लागि अनलाइन माध्यमबाट प्रि-रजिष्ट्रेशन (पूर्वदर्ता) पनि गराउन सकिन्छ।

अहिले नाम दर्ता गर्ने नागरिकले मताधिकार प्रयोग गर्न निर्वाचन हुने अघिल्लो दिन आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा भएको हुनुपर्नेछ। आयोगले हाल नामावली सङ्कलनमा देखिएको भीड व्यवस्थापनका लागि नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तर आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा नहुने नागरिकलाई हालको नाम दर्तामा भाग नलिन आग्रह पनि गरेको छ। निर्वाचनपछि पुनः नामावली सङ्कलन हुने भएकाले आशन्न निर्वाचनमा भाग लिन नपाउनेहरूले अहिले नामावली सङ्कलनमा हतार नगर्न आयोगले आग्रह गरेको हो।

आयोगले नाम दर्ता स्थलहरूमा देखिएको अधिक चापलाई व्यवस्थापन गर्न र सहजरूपमा सेवा प्रवाह गर्नका लागि दैनिक आठ सयभन्दा बढी नाम दर्ता भइरहेका जिल्लाहरूमा छ/छ घन्टाका दरले दुई सिफ्टमा (दैनिक १२ घन्टा) सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छ। यसका लागि काठमाडौँ उपत्यकाभित्रका तीन जिललाको हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट थप १४ जना कर्मचारी खटाइ सेवा प्रवाहको व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो। अन्य जिल्लाका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीले सेवाग्राहीको चापका आधारमा जनशक्ति खटउने गरी आयोगले नेपाल सरकार, गृह मन्त्रालयलाई पत्राचार गरेको छ।

मतदाता नामावली दर्ता गर्न भने १६ वर्ष उमेर पुगेपछि मिल्नेछ। गत कात्तिक १७ गतेसम्म १८ वर्ष उमेर पूरा भई मताधिकार प्रयोग गर्न पाउनेहरूको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार दुई सय ३० रहेको थियो। नागरिकले नागरिकताको प्रमाणपत्रमा रहेकोभन्दा भिन्नै ठेगानामा हाल स्थायी बसोबास गरेको भए नागरिकता प्रमाणपत्रको अतिरिक्त बसाइँसराइका प्रमाणपत्र वा विवाह गरी हालको स्थायी ठेगानामा आएको हकमा विवाह दर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ। नामावली सङ्कलनका क्रममा विगतमा भएको नामावलीमा त्रुटि सच्याउने, नाम सार्ने, नाम हटाउने, दाबीविरोध गर्ने र नयाँ नाम थप गर्नेलगायतका कार्यहरू हुँदै आएको छ।

**दल दर्ताको संख्या एक सय २५ पुग्यो**

आयोगमा हालसम्म राजनीतिक दल दर्ताको सङ्ख्या एक सय २५ पुगेको छ।। निर्वाचन घोषणापछि विभिन्न २१ नयाँ दलले निर्वाचन आयोगका दर्ताका लागि निवेदन दिएकामा अध्ययनपश्चात् स्वीकृत हुने क्रम जारी रहेको छ। पछिल्लो दिनमा कबिर सोपको नेतृत्वमा 'जाँतो' निर्वाचन चिह्न भएको नागरिक उन्मुक्ति पार्टी नेपाल नयाँ दर्ता भएको छ भने बामदेब गौतम नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी एकता राष्ट्रिय अभियान खारेज भएको छ। हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टी र दिनेशराज प्रसाईं नेतृत्वको गतिशील लोकतान्त्रिक पार्टी नयाँ थपिएको छ। दल विभाजन भई राष्ट्रिय जनमुक्ति पार्टी र जनस्वराज पार्टी नयाँ दल भएका छन्।

नेपालको संविधान, २०७२ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम राजनीतिक दल दर्ताको निवेदनका लागि दलको विधान, नियमावली र घोषणापत्र दुई/दुई प्रति, झण्डा, लोगो, छाप, रोजिएको चुनाव चिह्न, दलको नाम र सो दलको प्रधान कार्यालयको ठेगाना, केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीयस्तरको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना, दलको आय स्रोतको कोष र सो जुटाउने स्रोतको विवरण आदि खुलाउनुपर्छ।

**निर्वाचन प्रयोजनका लागि अलग्गै दर्ता हुनुपर्ने**

निर्वाचन प्रयोजनका लागि आयोगले सूचना प्रकाशन गरेपछि पुराना र यी नयाँ दलले निर्वाचनमा भाग लिने भएमा पुनः दल दर्ताको निवेदन दिनुपर्ने हुन्छ। त्यसअघि नयाँ दलले दर्ताको निवेदन स्वीकृत गराई दर्ता प्रमाणपत्र लिइसकेको हुनुपर्छ। आयोगले गत असोज २० गते स्वीकृत गरेको निर्वाचन कार्यतालकाअनुसार यही कात्तिक २८ गते निर्वाचन प्रयोजनाका लागि दल दर्ताको सूचना प्रकाशन गर्नेछ। सोका लागि आयोगले आगामी मङ्सिर १ गतेदेखि १० गतेसम्म १० दिनको समय दिनेछ। यसरी दर्ता गर्ने दलले मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका दल दर्ताका लागि निवेदन दिन पाउनेछन्।

**प्रधानमन्त्री र आयोगबीच छलफल हुँदै**

यसैबीच निर्वाचनको समग्र तयारी, आयोग र सरकारको समन्वयका विषयमा बुधबार प्रधानमन्त्री कार्की र आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित पदाधिकारीबीच प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल हुँदैछ। सरकारले बिदेशमा रहेका मतदातालाई कसरी मतदानको अधिकार दिलाउन सकिन्छ र त्यसका लागि कस्तो कानुनी र प्राविधिक सम्भावनाका विषयमा आयोगसँग परामर्श गर्दै आएको छ। निर्वाचनका लागि प्रभावकारी समन्वय गर्न प्रधानमन्त्री कार्की र आयोगका पदाधिकारीबीच यसअघि गत असोज ७ गते छलफल भएको थियो।

# मन्त्रिपरिषद्को निर्णय सार्वजनिक

काठमाडौँ, २६ कात्तिक (रासस)।

सरकारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत विभिन्न निकायमा अधिकृतस्तरका २५६ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद् बैठकको यही कात्तिक २४ गतेको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सो जानकारी दिनुभएको हो।

मन्त्रालयअन्तर्गत काठमाडौँको कान्तिबाल अस्पताल र स्वास्थ्य बिमा बोर्ड तथा धनगढीको गेटा अस्पताल, बाँके खजुराको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र डडेल्धुराको डडेल्धुरा अस्पतालका लागि दरबन्दी स्वीकृत गरिएको हो।

मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा विभागको महानिर्देशक डा टङ्कप्रसाद बारकोटीले दिनुभएको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ। यसैगरी मधेस प्रदेशका प्रमुख सुमित्रा सुबेदी भण्डारीलाई पदमुक्त गर्न र सुरेन्द्र लाभ कर्ण, धनुषालाई प्रदेश प्रमुखमा नियुक्ति गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो।

यस्तै मन्त्रिपरिषद् बैठकले एमसिए-नेपालले निर्माण गर्ने ४०० केभी विद्युत् प्रसारणलाइन विस्तारका क्रममा नवलपरासी, पाल्पा, तनहुँ, चितवन, धादिङ, सिन्धुपाल्चोक, काठमाडौँ, नुवाकोट र मकवानपुर जिल्लास्थित सो प्रसारणलाइनको मध्यरेखाबाट २३-२३ मिटर दायाँ र बायाँका करिब एक हजार ३८१ हेक्टर क्षेत्रफलको जग्गामा कुनै प्रकारको संरचना निर्माण गर्न तथा रूख रोप्न नपाइने निर्णय गरेको छ।

बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय गरेको सरकारले भूउपयोग-तेस्रो संशोधन) नियमावली, २०८२ पनि स्वीकृत गरेको छ।

बैठकले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा वरिष्ठतम् अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई बढुवा गर्ने निर्णय गरेको छ।

साविक रेशमखेती विकास कार्यक्रम धनकुटाको नाममा रहेको धनकुटा नगरपालिका-७ स्थित २५ रोपनी चार आना तीन पैसा जग्गा प्रादेशिक अस्पताल निर्माणका लागि

*बाँकी तीन पृष्ठमा*

# यस वर्षको मनसुन : औसतभन्दा बढी बर्षा, गत वर्षभन्दा जनधनको क्षति कम

**रमेश लम्साल**

काठमाडौं, २६ कात्तिक (रासस)।

गत वर्षको तुलनामा यस वर्ष मनसुनको समयमा जनधनको क्षति कम भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, वर्ष २०८१ मा दुई हजार एक ३९ घटना भएकामा यस वर्ष एक हजार चार सय ५४ वटा घटना भएका छन्। प्राधिकरणका अनुसार, विपद्मा परेर गत वर्ष चार सय ९५ जनाको निधन भएकामा यस वर्ष एक सय ४० जनाको ज्यान भएको छ।

गत वर्ष विपद्का कारण १० हजार आठ सय २३ घरपरिवार प्रभावित भएकामा यस वर्ष पाँच हजार नौ सय ९५ घरपरिवार प्रभावित भएका छन्। विपद्मा परेर गत वर्ष ६६ जना बेपत्ता भएकामा यस वर्ष ३० जना बेपत्ता भएका छन्। गत वर्ष विपद्जन्य घटनामा परेर पाँच सय २२ जना घाइते भएकामा यस वर्ष तीन सय जना घाइते भएको प्राधिकरणको विवरणमा उल्लेख छ।

प्राधिकरणका अनुसार, यस वर्ष बाढीका दुई सय ९२, पहिरोका पाँच सय १३, भारी वर्षा तीन सय ९७ र चट्याङका दुई सय ५२ वटा घटना भएका थिए। बाढीमा परेर ३७ जनाको मृत्यु, २६ जना बेपत्ता र १४ जना घाइते हुँदा तीन हजार दुई सय घरपरिवार प्रत्यक्ष प्रभावित भएका थिए। यस्तै पहिरोमा परेर ६७ जनाको मृत्यु,चार जना बेपत्ता र ७७ जना घाइते भएका थिए भने एक हजार पाँच सय १८ घरपरिवार प्रभावित भएका छन्।

भारी वर्षाका कारण सात जनाको मृत्यु, २० जना घाइते भए भने नौ सय ६६ घरपरिवार प्रभावित भएका छन्। प्राधिकरणका अनुसार, चट्याङमा परेर २९ जनाको मृत्यु, एक सय ८९ घाइते हुँदा तीन सय ११ घरपरिवार प्रभावित भएका छन्।

यस वर्ष मनसुन सरदरभन्दा बढी अवधिसम्म रह्यो। सरदरभन्दा केही दिनअघि अर्थात् २०८२ जेठ १५ गते नेपाल प्रवेश गरेको मनसुन एक सय ३५ दिन रहेर गत असोज २४ गते बाहिरिएको थियो।

जल तथा मौसम विज्ञान विभागका अनुसार, मनसुन अवधिमा एक हजार तीन सय ७५ दशमलव चार मिलिमिटर वर्षा भएको छ। जुन सरदर एक हजार चार १५ दशमलव पाँच मिलिमिटर वर्षाको तुलनामा ९७ दशमलव २३ प्रतिशत हो। औसतभन्दा बढी वर्षा भएपनि मानवीय तथा भौतिक क्षति विगत बर्षको तुलनामा कम भएको थियो। मनसुनको अन्त्यतिर अर्थात् गत असोज १७ देखि २० गतेसम्म ५३ जनाको ज्यान गएको थियो। मनसुनमा मानवीय क्षतिको हिसाबले इलाम सबैभन्दा बढी प्रभावित भएको थियो। इलाममा मात्रै ३९ जनाको ज्यान गएको थियो।

सरकारले इलामलाई तीन महिनाका लागि विपद संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। रसुवाको भोटेकोशीमा गत असार २४ गते गएको बाढीका कारण १८ जना बेपत्ता भएकामा ११ वटा शव तथा मानव अंग फेला परेको थियो। बाढीले रसुवागढी नाकामा रहेको मितेरी पुल बगायो। सुक्खा बन्दरगाह र तीन वटा जलविद्युत् आयोजानमा अर्बौंको क्षति भयो। कार्गोसहित ७६ वटा गाडी बगायो। मनसुनको सुरुवातमा मधेश प्रदेशमा सुक्खाको समस्याबाट प्रभावित भयो। सरकारले मधेश प्रदेशलाई गत सायन ८ गते तीन महिनाका लागि सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

सरकारले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ पारित गरी सबै निकायलाई एकीकृत रुपमा परिचालन गरेका कारण क्षति कम भएको अनुमान गरेको छ। प्राधिकरणका कार्यकारी प्रमुखको नेतृत्वमा कमाण्ड सेन्टर स्थापना गरी लगातार ३८ घण्टासम्म स्वन्धित सरोकारवालासँग समन्वय तथा निर्देशन जारी भएको थियो।

**यस्तो छ १० वर्षको विवरण**

प्राधिकरणका अनुसार, २०७३ सालमा छ सय ४२ विपदजन्य घटना भई दुई सय ८९ जनाको निधन भएको थियो। यस्तै, २०७४ मा छ सय २४ वटा विपदजन्य घटनामा परेर दुई सय ८९ जनाको ज्यान गएको थियो। प्राधिकरणका अनुसार, २०७५ मा छ सय ९३ विपदजन्य घटनामा परेर एक सय २२ जनाको ज्यान गयो।

यस्तै, २०७६मा आठ सय ४६ विपदजन्य घटनामा परेर दुई सय तीन जनाको निधन भएको थियो। यस्तै, २०७७ मा एक हजार १५ विपदजन्य घटनामा परेर तीन सय ८२ जनाले अकालमा ज्यान गुमाउनु पऱ्यो। प्राधिकरणको विवरण अनुसार, २०७८ मा सात सय ३७ विपदजन्य घटनामा परेर एक सय ६५ जनाको निधन भयो।

त्यस्तै, २०७९ मा सात सय १२ वटा विपदजन्य घटनामा परेर एक सय ७९ जनाको ज्यान गयो। त्यसैगरी, २०८० मा आठ सय ९१ वटा विपदजन्य घटनामा परेर ९२ जनाको ज्यान गयो। विसं २०८१ मा दुई हजार एक सय ३९ वटा विपदजन्य घटनामा परेर चार सय ९५ जनाको निधन भएको प्राधिकरणले जनाएको छ।

## *मन्त्रिपरिषद्को ...*

उपयोग गर्न स्वीकृति दिने निर्णय बैठकले गरेको छ।

यसैगरी आगामी फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने निर्णय बैठकले गरेको छ।

नेपाली सेनाका दुई जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने निर्णयसहित नेपाली सेनाद्वारा सञ्चालन हुने तालिम सहयोगका लागि नेपाली सेना र 'अफिस अफ डिफेन्स कोअपरेसन', अमेरिकी राजदूतावासबीच सम्पन्न भएको समझदारीपत्रको अवधि दुई वर्ष थप गर्न स्वीकृति दिएको सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो।

मन्त्रिपरिषद् बैठकले भारतको विशाखापटनम्मा यही कात्तिक २८ देखि २९ गतेसम्म आयोजना हुने ३०औं 'पार्टनरसिप समिट' २०२५ मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हालाई स्वीकृति प्रदान गरेको छ।

यस्तै आगामी मङ्सिर ८ देखि १२ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने 'आइएइए स्कुल अन न्युक्लियर एन्ड रेडियोलोजिकल लिडरसिप फर सेफ्टी एन्ड फर न्युक्लियर सेक्युरिटी' कार्यक्रममा विज्ञान प्रविधि सचिव विश्वबन्धु पुडासैनीलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

प.सं. २०८२/०८३
च.नं. २०८६

मिति: २०८२/०७/२५

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।**

रैती नं. १८ पंची गोप नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे बगहाखाल तथा रैती नं. ९० कंछु गोप नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे बगहाखाल को हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. नकटीरायपुर वडा नं. ६ हाल परिवर्तित रुपनी गा.पा. वडा नं. १ वस्ने दुर्गा यादव-१ दिपिका यादव-१ निर्मला यादव-१ पुष्पा यादव-१ कृष्णा यादव-१ वलराम यादव-१ किसन यादव-१ नारायण यादव-१ समेत जना-८ को यस कार्यालयमा द.नं. ३१६१७ मिति २०८२/०३/२५ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०७/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वाडे.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४२ | नकटीरायपुर | ९क | ९३ | ०-७-८ | पंची गोप | फिल्डबुकको कैफियत महलमा यो जग्गा नकटीरायपुर वडा नं. ६ बस्ने पंची यादवको नम्बरी हो भनि उल्लेख रहेको |
| ३४६ | नकटीरायपुर | ८ख | ४२१ | ०-८-११ | पंची गोप | |
| ९१३ | नकटीरायपुर | ८च | २१ | ०-१-१७.५ | पंची गोप | |
| ११०१ | नकटीरायपुर | ८ख | ३५२ | ०-७-१२ | कंछु गोप | |
| ११०२ | नकटीरायपुर | ८च | ३७ | ०-२-११.५ | कंछु गोप | |
| १३८९ | नकटीरायपुर | ८ख | ४२२ | ०-६-५ | कंछु गोप | |

..........................
किशोर कुमार राम
कार्यालय प्रमुख
कार्यालय प्रमुख


## विश्व समाचार

### दिल्ली विस्फोटपछि काश्मीरमा प्रहरीको कडाइ, धेरै सन्दिग्ध हिरासतमा

श्रीनगर (भारत), २६ कात्तिक (रासस/एपी)।

भारतीय सुरक्षा निकायहरूले यस हप्ता नयाँदिल्लीमा भएको घातक कार विस्फोटको अनुसन्धानको सिलसिलामा विवादित काश्मीर क्षेत्रमा व्यापक छापा मार्दै धेरै सन्दिग्धलाई हिरासतमा लिएको अधिकारीहरूले बुधबार जनाएका छन्।

सोमबार राजधानी नयाँदिल्लीको ऐतिहासिक लाल किल्ला नजिकै भएको उक्त विस्फोटमा कम्तीमा आठ जनाको मृत्यु भएको थियो र दर्जनौं घाइते भएका थिए। अधिकारीहरूले मङ्गलबार यस घटनालाई सम्भावित आतङ्कवादी गतिविधिका रूपमा अनुसन्धान भइरहेको पुष्टि गरेका छन्, जसअनुसार अनुसन्धानकर्ताहरूलाई व्यक्तिहरूलाई पक्राउ गर्न वा हिरासतमा लिन विशेष कानूनी अधिकार प्राप्त हुन्छ।

१७औं शताब्दीमा निर्माण गरिएको लाल किल्ला भारतको प्रमुख ऐतिहासिक र सांस्कृतिक प्रतीक हो। यहाँ प्रत्येक वर्ष अगस्ट १५ का दिन प्रधानमन्त्रीहरूले स्वतन्त्रता दिवसको सम्बोधन गर्ने परम्परा छ। यदि यो विस्फोट जानाजानी गरिएको आक्रमण भएको प्रमाणित भयो भने यो सन् २०११ पछि भारतको राजधानीमा भएको सबैभन्दा घातक घटना हुनेछ।

काश्मीरको दक्षिणी पुलवामा जिल्लामा मङ्गलबार राति गरिएको शृङ्खलाबद्ध छापामा कम्तीमा पाँच व्यक्तिलाई सोधपुछका लागि हिरासतमा लिइएको प्रहरीले जनाएको छ। अधिकारिहरूका अनुसार सोमबारको विस्फोट त्यसअघि केही घण्टा मात्र अघि भारतीय नियन्त्रित काश्मीरमा प्रहरीले नयाँदिल्ली बाहिरी क्षेत्र फरीदाबादमा सञ्चालन भइरहेको सन्दिग्ध आतङ्कवादी सेललाई ध्वस्त पारेको घोषणा गरेपछि भएको हो। फरीदाबादमा दुई चिकित्सकसहित कम्तीमा सात जनालाई पक्राउ गरिएको थियो। प्रहरीले ठूलो मात्रामा हतियार र बम बनाउने सामग्री जफत गरेको बताइएको छ।

भारतीय समाचार संस्थाहरूका अनुसार दिल्ली विस्फोट उक्त सेलसँग प्रत्यक्ष रूपमा जोडिएको हुन सक्ने आशङ्का गरिएको छ। तर प्रहरी निकायहरूले चलिरहेको अनुसन्धानलाई कारण देखाउँदै यस विषयमा औपचारिक टिप्पणी गर्न अस्वीकार गरेका छन्।

मुद्दासँग परिचित चार काश्मीरी प्रहरी अधिकारीले नाम नखुलाउने सर्तमा बताएका अनुसार यो अनुसन्धान अक्टोबर १९ मा श्रीनगर वरपर भारतविरोधी पोस्टरहरू देखिएपछि सुरु भएको थियो। ती पोस्टरहरूले काश्मीरमा तैनाथ भारतीय सैनिकहरूमाथि आक्रमण गर्ने धम्की दिएका थिए।

अधिकारीहरूले सिसिटिभी फुटेजको सहयोगमा सन्दिग्धहरूको पहिचान गरिएको र सुरुमा कम्तीमा तीन जनालाई पक्राउ गरिएको जानकारी दिएका छन्। पछिल्लो तीन हप्तामा सोधपुछका क्रममा भारतका दुई सहरमा कार्यरत दुई काश्मीरी चिकित्सक र अन्य दुई स्थानीय व्यक्तिलाई पनि हिरासतमा लिइएको छ।

स्थानीय सञ्चार माध्यमहरूले उक्त विस्फोटमा प्रयोग गरिएको कारको चालक काश्मीरको भएको दाबी गरेका छन्। भारतीय समाचार संस्थाहरूले फरीदाबादको मेडिकल कलेजमा कार्यरत एक काश्मीरी चिकित्सक त्यही कारमा सवार थिए कि थिएनन् भन्नेबारे प्रहरी अनुसन्धान चलिरहेको जनाएका छन्।

हालसम्म प्रहरी निकायहरूले यी दाबीहरूको पुष्टि गरेका छैनन्। तर भारतीय सञ्चार माध्यमहरूका अनुसार सम्भवतः चिकित्सकले गिरफ्तारीबाट बच्न जानाजानी विस्फोट गराएको वा अनजानमा विस्फोटक पदार्थ ओसार्ने क्रममा दुर्घटना भएको हुनसक्ने अनुमान गरिएको छ।

दिल्ली प्रहरीका प्रवक्ता सञ्जय त्यागीले अनुसन्धानकर्ताहरूले 'आतङ्कवादी आक्रमण, आकस्मिक विस्फोट वा कारमा भएको यान्त्रिक विफलता जस्ता सबै कोणबाट अनुसन्धान गरिरहेको' जानकारी दिनुभयो।

यसबीच, पुलवामा जिल्लाका चिकित्सकमध्ये एकजना सन्दिग्धकी बहिनी शगुफ्ता जानले गत शुक्रबारदेखि आफ्नो भाइसँग सम्पर्क हुन नसकेको बताउनुभयो। "उहाँले शुक्रबार हामीलाई फोन गरेर घर आउँछु भन्नुभएको थियो। तीन दिनपछि आउने बताउनुभएको थियो, तर त्यसपछि कुनै सम्पर्क भएन", उहाँले भन्नुभयो।

उहाँका अनुसार सोमबार राति प्रहरी अधिकारीहरू घरमै आएर चिकित्सककी आमासँगै उनका दुई दाजुभाइलाई पनि सोधपुछका लागि साथमा लगेका छन्। भारतीय अधिकारीहरूले भने अनुसन्धान संवेदनशील भएकाले थप विवरण सार्वजनिक गर्न अस्वीकार गरेका छन्।

### फिलिपिन्समा दोहोरो चक्रवातका कारण मृत्यु हुनेको संख्या २५९ पुग्यो

मनिला, २६ कात्तिक (रासस/सिन्ह्वा)।

फिलिपिन्समा हालै आएको दुईवटा शक्तिशाली चक्रवातका कारण मृत्यु हुनेको सङ्ख्या २५९ पुग्नुका साथै लाखौं मानिसहरू विस्थापित भएको अधिकारीहरूले बुधबार बताएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् (एनडीआरआरएमसी) आइतबार सुपर आँधीको रूपमा आएको फङ-वङले उत्तर-मध्य लुजोन पार गर्दा अवतरण हुनु अघि कम्तिमा २७ जनाको मृत्यु हुनुका साथै अन्य दुई जना अझै बेपत्ता रहेको बताएको छ।

नोभेम्बर-४ मा आएको कालमेगी चक्रवातले मध्य फिलिपिन्समा बाढी र पहिरो निम्त्याउदा २३२ जनाको मृत्यु हुनुका साथै ११२ जना बेपत्ता भएको तथा ५०० बढी घाइते भएको जनाइएको छ।

चक्रवातका कारण अधिकाशं मृत्यु सेबु प्रान्तमा भएको रिपोर्ट गरिएको छ, जुन सेप्टेम्बर- ३० मा आएको ६.९ म्याग्निच्युडको भूकम्पबाट पनि धेरै पीडित छ।

एजेन्सीका अनुसार चक्रवातले लाखौं बासिन्दाहरूलाई विस्थापित गरी घर, खेतबारी र सडक तथा पुलहरू सहित प्रमुख पूर्वाधारहरूको विनाश निम्त्याको छ।

फङ-वोङ यस वर्ष फिलिपिन्समा आएको २१ औं उष्णकटिबंधीय चक्रवात थियो जसले देशको वार्षिक औसत २० आँधीलाई पार गरेको छ।

# वर्षाका कारण धान उत्पादनमा तीन लाख मेट्रिक टनले कमी आउने

काठमाडौँ, २६ कात्तिक (रासस)।

यस वर्ष आएको वर्षाका कारण कृषि क्षेत्रमा भएको क्षतिले धानको उत्पादनमा पाँच प्रतिशतले कमी आउने प्रक्षेपण गरिएको छ।

वर्षाका कारण देशभर कृषि तथा पशुपन्छी क्षेत्रमा रु तीन अर्ब ५५ करोडको क्षति भएको तथ्याङ्कका आधारमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको विश्लेषणका आधारमा धानको उत्पादन घट्ने प्रक्षेपण गरिएको हो।

गत वर्षमा ५९ लाख ५५ हजार मेट्रिक टन धान उत्पादन भएकामा त्यसको तीन प्रतिशतअर्थात् करिब तीन लाख मेट्रिक टन कम उत्पादन हुने आकलन गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिनुभयो।

उहाँका अनुसार जलवायु परिवर्तनको प्रभावले बाढी, वर्षा, भू-क्षयलगायत विपद्का कारण सबैभन्दा धेरै क्षति कृषि क्षेत्रमा भएको छ। विगत चार-पाँच वर्षदेखि धान उत्पादनमा बृद्धि हुँदै आइरहेकाले यस पटक ६० लाख मेट्रिक टनभन्दा बढी धान उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको थियो। क्षतिले लक्ष्यमा पुग्न गाह्रो हुने देखिएको मन्त्रालयले जनाएको छ।

वर्षाले धान पाक्ने समयमा किसानले समयमै धान काट्न नपाएको र काटेको धान उठाउन नपाएका कारण सम्बन्धित किसानलाई ठूलो क्षति भएको हो। खेतमै काटेर राखिएको धान सबै पानीले भिजेर कुहिएको तथा वर्षाले धानबालीमा पुऱ्याएको क्षतिका कारण धान उत्पादनमा समेत कमी आउने प्रक्षेपण गरिएको छ।

मौसम विभागले सम्भावित वर्षाको जानकारी समयमै गराएकाले मन्त्रालयले पनि सोहीअनुसारको सूचना किसानलाई प्रसारण गरी मौसम पूरा सफा भएपछि मात्र धान काट्न सुझाव दिएकाले पनि क्षति न्यूनीकरणमा सहयोग पुगेको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो। मन्त्रालयले किसानलाई मल, बीउबिजन, प्रविधि, प्राविधिक सीपलगायतमा सहयोग उपलब्ध गराउँदै आएको छ।

# 'मुलुकको प्रमुख मुद्दा नै भ्रष्टाचार नियन्त्रण हुनुपर्छ'

काठमाडौँ, २६ कात्तिक (रासस)।

वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रणलाई नै प्रमुख मुद्दा बनाएर काम गर्नुपर्नेमा जोड दिइएको छ। ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपालद्वारा काठमाडौँमा मंगलबार आयोजित 'नेपालमा भ्रष्टाचार नियन्त्रणको भावी रणनीति' विषयक अन्तर्क्रियात्मक छलफलका वक्ताहरूले जेनजी आन्दोलनको मूल मुद्दा नै भ्रष्टाचार नियन्त्रण र सुशासन भएकाले त्यसतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिएका हुन्।

छलफलमा पूर्वमहालेखापरीक्षक तथा टिआइ नेपालका सदस्य टङ्कमणि शर्मा दङ्गालले विगतमा भएका भ्रष्टाचार र कुशासनले नागरिकहरूमा वितृष्ण फैलिएको उल्लेख गर्दै त्यसका लागि रणनीतिक योजनाका साथ भ्रष्टाचार नियन्त्रणमा लाग्नुपर्नेमा जोड दिनुभयो। यसका लागि राजनीतिक दलले पनि आफूलाई सच्याएर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले अहिले नेपालको सम्पत्ति नै तस्कर र भ्रष्टाचारीहरूको हातमा रहेको जिकिर गर्नुभयो। उहाँले विसं २०४६ पछिका राजनीतिक दलको सम्पत्ति आयोग बनाएरै छानबिन गर्नुपर्नेमा जोड दिनुभयो।

राजनीतिक प्रतिनिधि रञ्जु झाले नेपालको प्रणाली नै परिवर्तन गर्न नसके भ्रष्टाचार रोक्न नसकिने धारणा राख्नुभयो। उहाँले अहिलेको नीति तथा प्रणालीकै कारण भ्रष्टाचार मौलाउँदै गएको पनि बताउनुभयो।

जेनजी प्रतिनिधि ईश्वरी कार्कीले दल र नेताहरूको सम्पत्ति छानबिन गर्न जरुरी रहेको बताउनुभयो। दलहरूले भ्रष्टाचार गरेकै कारण जेनजी आन्दोलन भएको र जेनजी आन्दोलनको भावना भनेको नै भ्रष्टाचार नियन्त्रण रहेकाले सबै मिलेर यसमा कामगर्न जरुरी रहेको बताउनुभयो।

कार्यक्रममा ट्रान्सपरेन्सी नेपालका अध्यक्ष मदनकृष्ण शर्माले भ्रष्टाचार नियन्त्रणका लागि कसरी अघि बढ्न सकिन्छ भनेर सुझाव लिनका लागि छलफल राखिएको बताउँदै यहाँको निष्कर्ष महत्त्वपूर्ण हुने बताउनुभयो। उहाँले टिआइ नेपालले कार्यक्रममार्फत सुशासनको पहल थालेको पनि जानकारी दिनुभयो।

# महिला क्रिकेट : फाइनलमा मोरङ र सिरहा भिड्ने

**दैनिक समाचरदाता**
**राजबिराज, २६ कात्तिक।**

राजबिराजमा संचालित जिल्ला स्तरिय ईन्टर हब महिला क्रिकेट टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको फाईनल खेल मोरङ र सिरहाबीच हुने भएको छ।

बुधवार सम्पन्न लिग चरणको खेलमा मोरङले सिरहालाई ६९ रनले पराजित गर्दै फाईनलमा स्थान पक्का गरेको हो। यस अघि सिरहा अंक आधारमा फाईनलमा प्रवेश गरिसकेको छ।

टस जितेर मोरङले निर्धारित २० ओभरको खेलमा ९ बिकेट गुमाएर १ सय ६३ रनको योगफल खडा गरेको थियो। जवाफमा सिरहाले २० ओभरमा ५ बिकेट गुमाएर ९४ रन मात्र बनाउन सकेको थियो। खेलको प्लेयर अफ दि म्याच मोरङकी सुवेक्षा लिम्बु घोषित भइन्। प्लेयरअफ दि म्याचलाई समाजसेवी खेलानन्द दासले कप प्रदान गरेका थिए।

राजबिराजस्थित पविमाबि क्रिकेट खेल मैदान सप्तरी क्रिकेट संघको समन्वय र सबल नेपालको आयोजनामा प्रतियोगिता संचालन भइरहेको छ।

यस्तै बुधबारै सम्पन्न अर्को खेलमा सप्तरीले धनुषालाई ८ बिकेट पराजित गर्दै बिजयी भएको छ। धनुषाले टस जितेर २० ओभरमा ९ बिकेट गुमाएर ६० रनको योगफल खडा गरेको थियो।

जवाफमा सप्तरीले ८ ओभर २ बलमा २ बिकेट गुमाएर बिजयी हासिल गऱ्यो। खेलको प्लेयर अफ दि सप्तरीकी दिपा राम घोषित भइन्। घोषित प्लेयर अफ दि म्याच भएकी खेलाडीलाई पुर्व अन्तराष्ट्रिय खेलाडी राजकुमार प्रधानले कप प्रदान गरे।

*जेनजी आन्दोलनको ...*

लाखमध्ये रु २३ लाख अग्रिम भुक्तानी भएको प्राधिकरणले जनाएको छ।

यसैबीच जेनजी आन्दोलनका क्रममा भएका क्षतिको बिमा दाबी भुक्तानीका लागि नेपाल पुनःबिमा कम्पनीले निर्जीवन बिमा कम्पनीलाई करिब रु दुई अर्ब ४८ करोड १० लाख अग्रिम भुक्तानी उपलब्ध गराएको प्राधिकरणले जनाएको छ।

नेपाल पुनःबिमा कम्पनीमा हालसम्म दुई हजार ८५७ वटा पुनःबिमा दाबी दर्ता भई सोको कूल रकम करिब रु १५ अर्ब ८२ करोड ७० लाख पुगेको छ। बिमा दाबी छिटो र पारदर्शी रूपमा भुक्तानी सुनिश्चित गर्न प्राधिकरणले बिमा कम्पनी र पुनःबिमा कम्पनीसँग निरन्तर समन्वय गरिरहेको कार्यकारी निर्देशक सुवेदीले बताउनुभयो।

# जेनजी युवाको अभिभावक नै नेपाली कम्युनिष्ट पार्टी हो : संयोजक दाहाल

काठमाडौँ, २६ कात्तिक (रासस)।


नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने माग राख्ने जेनजी युवाको अभिभावक नै नेकपा भएको बताउनुभएको छ।

नेकपा र मातृभूमि जागरण अभियान नेपालबीचको एकता घोषणा सभालाई बुधबार सम्बोधन गर्दै उहाँले आसन्न महाधिवशेन र निर्वाचनमा "जेनजी युवाको अभिभावक नै नेपाली कम्युनिष्ट पार्टी हो।

जेनजी पुस्ताले उठाएको भ्रष्टाचारको अन्त्य र सुशासनको मागलाई हामीले नै पहिलो पटक समर्थन गऱ्यौं", संयोजक दाहालले भन्नुभयो, "जेनजीको भावना बुझ्ने पार्टी र अर्को पार्टी एकै हुन सक्दैन, महाधिवेशन जाँदा सम्पूर्ण कमिटीमा जेनजी युवाको प्रतिनिधित्व गराउछौं, बढीभन्दा बढी युवालाई निर्वाचनमा उम्मेदवार बनाउछौं।"

कुनै आग्रह र पूर्वाग्रहबिना यो पार्टीलाई क्रान्तिकारी र जनताको भरोसायोग्य साथी बनाइने उल्लेख गर्दै संयोजक दाहालले आगामी निर्वाचनमार्फत नेकपाले नै मुलुकको नेतृत्व गर्ने दाबी गर्नुभयो। क्रान्तिकारी कम्युनिष्ट ध्रुवीकरणको क्रम सुरु भएको जानकारी दिँदै उहाँले आगामी दिनमा इमान्दार वामपन्थी नेता कार्यकर्ता नेकपामा समाहित हुने दाबी गर्नुभयो।



भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी
राजविराज

च.नं. २१२८

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना।

[illegible]

तपसिल

| सा.कि.नं | गा.वि.स | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| [illegible] | फुलकाही | ४ | [illegible] | [illegible] | लोटर माझी | फिल्डबुक को जग्गाधनी महल, किसान महल र कैफियत महल खाली रहेको |

श्री किशोर कुमार राम
कार्यालय प्रमुख

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*